# गौरीगञ्ज राजपत्र

गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ७ संख्या : ४ मिति : २८ चैत्र, २०८० साल

## भाग- २

## गौरीगञ्ज गाउँपालिकाको खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१२/२५

## प्रस्तावनाः

खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रपान, मध्यपान, लागुपदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत र स्वस्थ नागरिक बनाउन विभिन्न खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन, स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा हुने खेलकूद प्रतियोगितामा गौरीगञ्ज गाउँपालिका क्षेत्रभित्रका खेलाडीलाई सहभागी गराउन एवं गाउँपालिकाभित्र रहेका खेलकूदसँग सम्बन्धित संघ-संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गौरीगञ्ज गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम गाउँपालिकास्तरीय खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० बनाई जारी गरिएको छ ।·

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " गौरीगञ्ज गाउँपालिकाको खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि गौरीगञ्ज गाउँपालिकाका शैक्षिक संस्थाहरु, क्लबहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था तथा प्रशिक्षण केन्द्रमा समेत लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “खेलकूद विकास समिति” भन्नाले यस कार्यविधिको दफा (४) बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले खेलकूद विकास समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले खेलकूद विकास समितिका सदस्यलाई सम्झनु पर्छ ।

(घ) "सदस्य–सचिव” भन्नाले खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनुपर्छ ।

(ङ) "तोकिएको” वा “तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) “खेलकूद " भन्नाले गौरीगञ्ज गाउपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्दछ ।

(छ) “खेलाडी” भन्नाले टिम, क्लब, संघ-संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनुपर्नेछ ।

(ज) “प्रशिक्षक” भन्नाले गौरीगञ्ज गाउँपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणको प्रशिक्षकलाई सम्झनुपर्छ ।

(झ( “प्रशिक्षार्थी” भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लब, संघ-संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनुपर्छ ।

(ञ) “प्रोत्साहन” भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।

(ट) "गाउँपालिका" भन्नाले गौरीगञ्ज गाउँपालिका सम्झनुपर्छ ।

(ठ) "कार्यपालिका" भन्नाले गौरीगञ्ज गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ड) "कार्यविधि" भन्नाले गौरीगञ्ज गाउँपालिकाको खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० सम्झनुपर्छ ।

(ढ) "गाउँपालिका अध्यक्ष" भन्नाले गौरीगञ्ज गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ण) "गाउँपालिका उपाध्यक्ष" भन्नाले गौरीगञ्ज गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गौरीगञ्ज गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

## <u>परिच्छेद- २ उद्देश्य</u>

**३. खेलकूद विकास समितिको उद्देश्य :**

(क) गाउँपालिकास्तरीय खेलकूदलाई मर्यादित, व्यवसायिक एवं पहिचानको रुपमा विकास गर्न नियमित खेलकूद प्रशिक्षण सञ्चालन गर्ने ।

(ख) कला, संस्कृति र खेलकूद विकासको प्रतिष्ठा वृद्धिमा सहयोग पुर्याउने ।

(ग) गाउँपालिका क्षेत्रभित्रको खेलकूद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(घ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्तिपूर्ण, स्वाभिमानी, सामाजिक उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

(ङ) गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक स्थललाई स्वच्छ र सफा राख्न खेलकूद संघ-संस्थालाई परिचालन गर्ने ।

(च) गाउँपालिकाबासीलाई खेलकूदको माध्यमबाट नागरिक भावना प्रति सचेत गराउने ।

(छ) खेलकूदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकूद विकासको लागि भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायसँग समन्वय गर्ने ।

(झ) खेलकूद गतिविधिलाई संस्थागत रुपमा विकास गर्दै लाने ।

(ञ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीबीहरुलाई समेत शारीरिक व्यायामको माध्यमबाट स्वस्थ रहन सहयोग पुर्याउने ।

(ट) गौरीगञ्ज गाउँपालिकाबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्नसक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

(ठ) टिम, क्लब, संघ-संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकूद समितिहरुको व्यवस्थापन गर्ने ।

(ड) गाउँपालिकाअन्तर्गत शैक्षिक संस्थाहरुमा खेलकूद प्रशिक्षकको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

(ढ) खेलकूद विकास समितिअन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्न तालीमको व्यवस्था गर्ने ।

(ण) खेलकूद क्षेत्रको विकासको लागि एक खेलकूद विकास कोष खडा गर्ने ।

<u>परिच्छेद-३</u>

## खेलकूद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

४. **खेलकूद विकास समितिको गठन :** (१) खेलकूदको विकास गर्न गौरीगञ्ज गाउँपालिकामा देहायबमोजिम बढीमा १५ सदस्यीय "खेलकूद विकास समिति" गठन गर्न सकिनेछ :-

(क) गाउँ कार्यपालिकाले तोकेको व्यक्ति - अध्यक्ष

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरुमध्येबाट कार्यपालिकाबाट मनोनित २ जना- सदस्य

(ग) गाउँ/जिल्ला/राष्ट्रिय खेल जगतमा ख्याति कमाएका खेलाडी वा पूर्व खेलाडीहरुमध्येबाट गाउँ कार्यपालिकाबाट मनोनीत कम्तीमा एक महिलासहित बढीमा २ जना- सदस्य

(घ) वडा खेलकूद विकास समितिका अध्यक्षहरु ६ जना- सदस्य

(ङ) गाउँपालिकास्तरीय खेलकूद सम्बन्धी संस्था/क्लबमध्येबाट अध्यक्षले मनोनित गरेका एक महिलासहित २ जना- सदस्य

(च) सामुदायिक/संस्थागत विद्यालयका प्रधानाध्यापक/खेल शिक्षकहरुमध्येबाट कार्यपालिकाद्वारा मनोनित २ जना -सदस्य

(छ) समितिले आफुहरुमध्येबाट तोकेको व्यक्ति- सचिव -१ जना र कोषाध्यक्ष- १ जना

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूद क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) खेलकूद समिति अन्तर्गत प्रत्येक वडामा वडास्तरीय खेलकूद विकास समिति गठन गर्नुपर्दछ ।

(४) आवश्यक्ताअनुसार विषयगत खेलकूद विकास समितिहरु गठन गर्न सकिनेछ ।

(५) गाउँपालिकास्तरीय खेलकूद विकास समितिको चिन्ह र छाप अनुसूची- १ र वडास्तरीय खेलकूद विकास समितिको चिन्ह र छाप अनुसूची- २ बमोजिम हुनेछ ।

**५. खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार :** खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँपालिकास्तरीय वार्षिक खेलकूद क्यालेण्डर र बजेट स्वीकृत गर्ने,

(ख) स्थानीयस्तरका खेलकूदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकूदको स्तर वृद्धि गर्न गाउँपालिकास्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने/गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी पाठ्यक्रम निर्माण गर्न, प्रशिक्षण एवं प्रतियोगिता सञ्चालन गर्न सहयोग गर्ने ।

(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा सहभागी हुन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्यत्र पठाउने,

(च) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(छ) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकारसमक्ष सिफारिश गर्ने,

(ज) खेलकूद विकासको लागि आवश्यक पुस्तक, पर्चा, श्रव्यदृश्यलगायतका सामाग्रीमार्फत प्रचार-प्रसार गर्ने ।

(झ) खेलकूदको विकासको लागि आवश्यकतानुसार खेल मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ञ) खेलाडीको स्तरबृद्धि गर्न आवश्यकतानुसार प्रशिक्षणको व्यवस्था गर्ने,

(ट) गाउँपालिकाभित्रका खेलाडीलाई आर्थिक सहायता तथा छात्रवृति प्रदान गर्नको लागि स्थानीय सरकारसमक्ष सिफारिश गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको प्रबर्द्धन गर्न आवश्यक योजना बनाई स्थानीय सरकारमा सिफारिस गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा बिकलाङ्ग हुन पुगेका अपाङ्गता भएका व्यक्तिहरुको खेलकूदको विकासको लागि तालीम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार सोको प्रचार-प्रसार गर्ने/गराउने,

(ढ) प्रशिक्षकको व्यवस्था गरी विभिन्न विषयगत खेलकूद प्रशिक्षण/शिविर सञ्चालन गर्ने/गराउने,

(ण) खेलकूदमार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(त) खेलकूद विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने/गराउने ।

(थ) कानूनबमोजिम दर्ता भएका खेलकूदसँग सम्वन्धित गाउँपालिका क्षेत्रभित्रका क्लब वा संस्थाहरुको अभिलेख राख्ने ।

६. **निर्देशक समिति : (१)** गौरीगञ्ज गाउँपालिकाको खेलकूद क्षेत्रको अनुगमन तथा विकासको लागि निम्नानुसारको एक निर्देशक समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग) गाउँपालिका सामाजिक विकास समितिको संयोजक- सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ङ) कार्यपालिका सदस्यहरुमध्ये कार्यपालिकाले तोकेको १ महिलासहित २ जना- सदस्य

(च) गाउँपालिका सामाजिक विकास शाखा प्रमुख - सदस्य

(छ) अध्यक्षले तोकेको गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी -सदस्य-सचिव

(२) निर्देशक समितिले खेलकूद विकास समिति वा अन्य खेलकूद सम्वन्धी संस्था/समितिलाई खेलकूद विकासको सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु खेलकूद सम्वन्धी समिति तथा संस्थाहरुको कर्तव्य हुनेछ ।

(३) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ । समितिको बैठकमा अन्य कार्यपालिकाका सदस्य/शाखा प्रमुख/खेल सम्बन्धी विज्ञ व्यक्तिलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

७. **वडास्तरीय खेलकूद विकास समिति :** (१) वडास्तरमा खेलकूदको विकास गर्नको लागि प्रत्येक वडामा देहायबमोजिमको ७ सदस्यीय "वडास्तरीय खेलकूद विकास समिति" गठन हुनेछ :-

(क) वडा समितिले तोकेको व्यक्ति - अध्यक्ष

(ख) वडाभित्रका विभिन्न विधाका खेलकूदका विज्ञहरु, खेलाडी वा पूर्व खेलाडीमध्येबाट वडा समितिबाट मनोनित एक जना महिलासहित २ जना - सदस्य

(ग) वडास्तरका खेलकूद सम्बन्धी संस्था/क्लवमध्येबाट वडास्तरीय खेलकूद विकास समितका अध्यक्षले मनोनित गरेका कम्तीमा १ जना महिलासहित २ जना- सदस्य

(घ) सामुदायिक विद्यालयका खेलकूद शिक्षकमध्ये वडा समितिले मनोनित गरेको १ जना– सदस्य

(ङ) वडा सचिव- सदस्य सचिव

८. **वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार** : वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वडास्तरीय खेलकूद कार्यक्रम संचालन गर्ने/गराउने ।

(ख) वडास्तरका खेलकूदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकासको लागि वडा समितिलाई सल्लाह सुझाव दिने,

(ग) खेलकूदको स्तर वृद्धि गर्न गाउँपालिकास्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुमा खेलाडीलाई सहभागी गराउने,

(घ) गाउँपालिकास्तरीय खेलकूद विकास समितिलाई आवश्यक राय, सल्लाह, सुझाव दिने,

(ङ) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि गाउँपालिकास्तरीय खेलकूद विकास समितिसमक्ष सिफारिश गर्ने,

(च) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने / गराउने ।

(छ) कानूनबमोजिम दर्ता भएका वडाभित्रका खेलकूदसँग सम्बन्धित क्लब वा संस्थाहरुको अभिलेख व्यवस्थापन गर्ने ।

**९. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) खेलकूद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

(ख) खेलकूद कार्यक्रमको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(ग) अन्तर-स्थानीय तह, जिल्ला, प्रदेश र राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

(घ) समितिले तोकेको अन्य कार्यहरु गर्ने / गराउने ।

**१०. सचिवको काम कर्तव्य र अधिकार :**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सुची र सामाग्री जुटाउने ।

(ख) बैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको भौतिक सामाग्रीहरुको सुरक्षा तथा अभिलेख राख्ने ।

(घ) समितिको प्रशासकीय प्रमुखको हैसियतले जिम्मेवारी वहन गर्ने ।

(ङ) तोकिएका अन्य कार्यहरु गर्ने ।

**११. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिको आर्थिक हिसाव किताब र सोको लेखा चुस्त-दुरुस्त राख्ने ।

(ख) समितिको निर्णयानुसार प्रचलित कानूनबमोजिम खर्च गर्ने ।

(ग) लेखा परीक्षण गराउने ।

(घ) समितिको मासिक, चौमासिक, वार्षिक प्रगति प्रतिवेदन तयार गरी समितिसमक्ष पेश गर्ने ।

(ङ) समितिको आर्थिक जिम्मेवारी वहन गर्ने ।

(च) तोकिएका अन्य कार्यहरु गर्ने ।

**१२. सदस्यको काम, कर्तव्य र अधिकार :**

(क) समितिको बैठकमा उपस्थित भई नीति निर्माण र योजना तर्जूमा प्रकृयामा सक्रिय हुने ।

(ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने ।

(ग) समिति/संस्था/क्लबले आयोजना गरेका कार्यक्रममा प्रतिनिधित्व गर्ने । सम्पन्न कार्यक्रमको अनुगमन गरी समितिसमक्ष प्रतिवेदन पेश गर्ने ।

(घ) समितिको निर्णयबमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

**१३. समितिका पदाधिकारी तथा सदस्यको पदावधि :** (१) समितिका पदाधिकारी तथा सदस्यको पदावधि तीन वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ । स्थानीय तहको निर्वाचन पश्चात पुन: यही कार्यविधि बमोजिमको समिति गठन हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा (४) बमोजिम जुन बुँदाअन्तर्गतको पद रिक्त भएको हो, सोहीबमोजिम पद पूर्ति गरिनेछ ।

गौरीगंज गाउँपालिका

**(३)** सदस्यले दिएको राजीनामा स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन ।

**१४. सदस्यको अयोग्यता :** देहायको अवस्थामा कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा वहाल रहन सक्ने छैनः-

(क) गौरीगञ्ज गाउँपालिका क्षेत्र बाहिरको नागरिक,

(ख) समितिको वहालवाला वैतनिक कर्मचारी,

(ग) ऋण तिर्न नसकी दामासाहीमा परेको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मगज बिग्रेको ।

(च) १८ वर्ष उमेर पूरा नभएको ।

**१५. सदस्यता समाप्त हुने अवस्था :** देहायको अवस्थामा सदस्यता समाप्त हुनेछ-

(क) दफा **१४** बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) निजको मृत्यु भएमा,

(घ) समितिलाई कारणसहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा उपस्थित नभएमा ।

**१६. समितिको बैठक:** (१) अध्यक्षको निर्देशनबमोजिम सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउने छ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ ( एकाउन्न ) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक प्रत्येक ३/३ महिनामा बस्नेछ । अन्य आवश्यकता परेमा सोहीबमोजिम बैठक बस्न सक्नेछ ।

(५) कूल सदस्य संख्याको एक तिहाई सदस्यले कारण देखाई अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ (सात) दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय लागु हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) बैठकको निर्णय पुस्तिका सचिवको जिम्मेवारीमा रहने छ ।

(८) बैठक सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

## परिच्छेद-४
## खेलकूद विकास कोषको व्यवस्था

**१७. खेलकूद विकास कोषको व्यवस्था :** (१) खेलकूद सम्बन्धी तालीम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापहरु सञ्चालन गरी खेलकूद क्षेत्रको विकास गर्न एक खेलकूद विकास कोष रहनेछ ।

(२) कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले खेलकूद शीर्षकमा विनियोजन गरेको रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय खेलकूद परिषद, जिल्ला खेलकूद विकास समिति, अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुने रकम,

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

(घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शूल्क र भर्ना रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(३) गाउँपालिकास्तरीय खेलकूद विकास समितिको अध्यक्षले बढीमा रु. ५,०००/- (पाँच हजार)सम्म कोषबाट खर्च गर्न सक्नेछ ।उक्त खर्च रकम समितिको बैठकबाट अनुमोदन गराई नियमानुसार फछर्यौट पर्नुपर्नेछ ।

(४) वडास्तरीय खेलकूद कार्यक्रमको लागि विनियोजित रकम वडास्तरीय खेलकूद विकास समितिको निर्णय र पालिकास्तरीय खेलकूद विकास समितिको सिफारिसबमोजिम वडास्तरीय खेलकूद विकास समितिको बैंक खातामा रकम जम्मा हुनेछ ।

**१८. समितिको खाता संचालन :** (१) गाउँपालिकास्तरीय खेलकूद विकास समितिको बैंक खाता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा संचालन हुनेछ ।

(२) गाउँपालिकाबाट विनियोजित बजेटबाट स्वीकृत वार्षिक कार्यक्रमबमोजिम खेलकूद कार्यक्रम वा अन्य खेलकूदसँग सम्वन्धित खर्चको भुक्तानी, पेश्की वा बील-भरपाइको आधारमा भुक्तानी माग गर्दा समितिको निर्णय,

गाउँपालिकास्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन, सक्कल बील-भरपाइ र अन्य आवश्यक नियमानुसारका कागजातहरु पेश भएपछि मात्र खेलकूद विकास समितिको खातामा जम्मा हुनेछ ।

(३) वडास्तरको प्रस्तावबमोजिम सञ्चालन भएको खेलकूद कार्यक्रम वा खेलकूदसँग सम्बन्धित खर्चहरु बील-भरपाइबमोजिम पालिकास्तरीय खेलकूद विकास समितिको सिफारिस, वडा समितिको सिफारिस र अनुगमन प्रतिवेदनको आधारमा वडास्तरीय खेलकूद विकास समितिको खातामा जम्मा हुनेछ ।

(४) वडास्तरीय खेलकूद विकास समितिको खाता वडास्तरीय खेलकूद विकास समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा संचालन हुनेछ । पालिकास्तरीय खेलकूद विकास, अन्य कार्यालय, संघसंस्था वा व्यक्तिहरुबाट वडा खेलकूद विकास समितिलाई प्राप्त सहयोग रकम सो खातामा जम्मा गरी खर्च गर्नुपर्नेछ ।

**१९. समितिले आर्थिक हिसाबको श्रेस्ता राख्नुपर्ने :** (१) खेलकूद सम्बन्धी आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

**२०. सदस्यहरुको भत्ता :** (१) खेलकूद विकास समितिका सदस्यहरु र निर्देशक समितिका सदस्यहरु (आमन्त्रितसमेत)ले समितिको बैठकमा भाग लिएबापत गाउँपालिकाले तोकेबमोजिमको बैठक भत्ता पाउनेछन् ।

**२१. कार्यक्रम तथा बजेट :** खेलकूद विकास समितिले गाउँपालिका तथा वडास्तरीय वार्षिक कार्यक्रम तयार गरी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ । खेलकूद

विकास समितिको वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गराई नियमानुसार खर्च गर्नुपर्नेछ ।

## परिच्छेद -५

## खेलकूद कार्यक्रम संचालन तथा व्यवस्थापन

२२. **खेलाडीहरुलाई स्वागत कार्यक्रम :** (१) गाउँपालिकाले खेलकूद विकास समितिको सिफारिसमा राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टिमलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका खेलाडी वा प्रशिक्षकको लागि गाउँपालिकाले सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२३. **सभा सम्मेलन कार्यक्रम संचालन :**(१) खेलकूद विकासको लागि गाउँपालिकाले सभा, सम्मेलन, गोष्ठी आदि आयोजना गर्न/गराउन सक्नेछ ।

(२) गौरीगञ्ज गाउँपालिकाको कला, संस्कृति र खेलकूद विकासका लागि आवश्यकतानुसार टिम, क्लब, संघ-संस्थाका प्रतिनिधिहरुको -याली वा बैठक बोलाउन सक्नेछ ।

२४. **खेलकूद प्रतियोगिता सञ्चालन :** (१) टोल-बस्तीस्तरका उत्कृष्ट खेलाडी छनौट गरी वडास्तरको खेलाडीमा छनौट गरिनेछ । वडास्तरको उत्कृष्ट खेलाडीबाट गाउँपालिकास्तरको खेलाडीमा छनौट गरिनेछ ।

(२) खेलकूद विकास समितिले स्वयं वा दर्ता भएका टिम, क्लब वा संघ-संस्थामार्फत अन्तरपालिकास्तरीय विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(३) वडास्तरीय खेलकूद विकास समितिले गाउँपालिकाभरिका वडालाई समेटी वडास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(४) नगद पुरस्कार वा अन्य खेल व्यवस्थापन सम्वन्धी खर्चको सीमा कोषको अवस्थाअनुसार खेलकूद विकास समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**२५. खेलकूद प्रतियोगितामा सहभागिता :** (१) अन्तरस्थानीय तह, जिल्ला, प्रदेश वा राष्ट्रियस्तरका खेलकूदमा गाउँपालिकाक्षेत्रका उत्कृष्ट खेलाडी वा टीमको छनौट गरी सहभागी गराउन सकिनेछ ।

(२) सहभागीको खर्चको मापदण्ड खेलकूद विकास समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै विषय उल्लेख भए तापनि वडाबाट गाउँपालिकास्तरमा र गाउँपालिकाबाट अन्तरस्थानीय तह, प्रदेश वा राष्ट्रियस्तरमा सहभागी भई नगद पुरस्कार प्राप्त गरेमा सो पुरस्कारको १० (दश) प्रतिशत रकम खेलकूद विकास कोषमा जम्मा गर्नुपर्नेछ ।

**२६. खेलकूद तालीम तथा प्रशिक्षण सञ्चालन :** (१) खेलकूद विकास समितिले खेलकूद विकास र खेलाडीको स्तरबृद्धि गर्नका लागि आवश्यकतानुसार खेलको तालीम तथा प्रशिक्षण दिनेछ ।

(२) खेलकूद विकास समितिको सिफारिसअनुसार प्रशिक्षार्थीहरु गाउँपालिकाबाहिर प्रशिक्षणमा समावेश हुन पाउने छन ।

(३) गाउँपालिका क्षेत्रभित्र कुनै खेल प्रशिक्षण गर्नुपरेमा खेल प्रशिक्षकको लागि सम्झौताअनुसार सुविधा पाउने गरी बढीमा एक/एक जना प्रशिक्षक र सहायक

प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई खेलकूद विकास समितिले तोकेबमोजिम नियमानुसार सेवा सुविधा उपलब्ध गराईनेछ ।

(४) प्रशिक्षणको लागि प्रशिक्षार्थीहरुको छनौट खेलकूद विकास समितिले गर्नेछ । प्रशिक्षणको लागि आवश्यक सामग्रीहरु खेलकूद विकास समितिबाट उपलव्ध हुनेछ । प्रशिक्षणको समयावधि, स्थान र प्रशिक्षार्थीको शुल्क वा अन्य आम्दानी र खर्च सम्बन्धीको कार्यविधि खेलकूद विकास समितिले स्वीकृत गरेबमोजिम हुनेछ ।

२७. **समितिले स्वीकृति लिनुपर्ने :** (१) खेलकूद सम्बन्धी प्रतियोगितामा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिले गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद-६

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

२८. **अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकसमेतले विषयगत खेलको आचारसंहितालगायत खेल अनुशासनमा रहनुपर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकूद

प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी खेलकूद विकास समितिले निलम्वन गर्न सक्नेछ ।

**२९. नगद पुरस्कार तथा सम्मान:**

उत्कुष्ट खेलाडी/प्रशिक्षक/प्रशिक्षार्थी/व्यवस्थापकलाई खेलकूद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सकिने छ ।

## परिच्छेद-७

## आचारसंहिता

**३०. आचारसंहिता :** (१) खेल सम्बन्धी देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित औषधि र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले तोकिएभन्दा बाहेक टिम बनाउन पाइने छैन ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहींकतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लब विघटन भई उक्त क्लबले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लबलाई उपहार दिन बाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहारबाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन । तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालीम प्राप्त आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ । तर विपक्षी टिमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग, व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार-प्रसार र प्रतिस्पर्धात्मक क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित समितिबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

**३१. सौजन्य :** दर्तावाला संस्थाहरुले अन्य संघ-संस्थाको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन तथा सोको विवरण दुरुस्त राख्नुपर्नेछ ।

## परिच्छेद-८

## विविध

**३.२ खेलकूद विकास समितिको कार्यालय व्यवस्थापनः** गाउँपालिकास्तरीय खेलकूद विकास समितिको कार्यालय प्रयोजनको लागि कोठा भाडामा लिन सकिनेछ ।

३३. **कर्मचारी व्यवस्थापन:** गाउँपालिकास्तरीय खेलकूद विकास समितिको कामलाई व्यवस्थित बनाउनको लागि खेलकूद विकास समितिले कार्यालय व्यवस्थापन प्रयोजनार्थ आफ्नो आन्तरिक आम्दानीबाट सम्भव भएसम्म सहायक कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

३४. **कार्यविधिको व्याख्या :** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

३५. **कार्यविधि संसोधन** : यस कार्यविधिमा उल्लिखित प्रावधानमा आवश्यकतानुसार कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

३६. **बाधा अड्चन फुकाउ :** गौरीगञ्ज गाउँपालिकाको खेलकूद संचालन तथा खेलकूद सम्बन्धी अन्य आवश्यक विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

आज्ञाले,<br>
खेमराज थापा<br>
प्रमुख प्रशासकीय अधिकृत